विनयी त्रिवेणी गाउँपालिका
BinayiTribeni Rural Municipalit
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executi
दुम्किवास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
Dumkibas, Nawalparasi (East of BardaghatSusta
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

फोन नं. : ०७८-४१६१८५, ०७८-४१६१८२
E-mail:
binayitribenigaupalika@gmail.com
E-mail: info@binayitribenimun.gov.np

प.स.(Let. No.):२०८१/०८२
च.न.(Dis. No.):

मिति:२०८१/०४/३२
ने.सं:११४४ गुंलाथ्व ११ शुक्रवार

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :-२०८१/०४/३२)

यस विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमका करार सेवामा कर्मचारीहरु आवश्यक रहेकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद/तह | सेवा | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १-०८१/०८२ | अमिन, चौथो | करार | १ जना | विनयी त्रिवेणी गाउँपालिकाको कार्यालय, दुम्किवास। |
| २. | २-०८१/०८२ | ब्याक व्हो लोडर अपरेटर | करार | १ जना | विनयी त्रिवेणी गाउँपालिकाको कार्यालय, दुम्किवास। |
| ३. | ३-०८१/०८२ | कार्यालय सहयोगी | करार | १ जना | विनयी त्रिवेणी गाउँपालिका वडा नं.६को वडा कार्यालय, त्रिवेणी |

१) परीक्षाको किसिमः-
   (क) अमिन पदको लागी छोटो सूची, लिखित र अन्तरवार्ता।
   (ख) ब्याक व्हो लोडरको लागी अपरेटर प्रयोगात्मक परिक्षण र अन्तरवार्ता ।
   (ग) कार्यालय सहयोगीको लागी छोटो सूची र अन्तरवार्ता ।

२) आवेदकको उमेरको हदः- विज्ञापन आव्हान भएको मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

३) दरखास्त पाइने र बुझाउने स्थानः- प्रशासन शाखा, विनयी त्रिवेणी गाउँपालिकाको कार्यालय।

४) आवदेन दिने अन्तिम मितिः-२०८१।०५।१४ गते कार्यालय समय भित्र।

५) संलग्न गर्नुपर्ने आवश्यक कागजातः- व्यक्तिगत विवरण, ३ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, अनुभव (भएको हकमा)को प्रतिलिपि संलग्न हुनुपर्नेछ। ब्याक व्हो लोडर अपरेटरको हकमा हेभि सवारी (ब्याक व्हो लोडर) चालक अनुमति पत्र र नेपाल सरकारको पुर्ण स्वामित्व रहेको अस्पतालबाट सर्टिफाइड आँखाको दृष्टि जाँच प्रमाण पत्र अनिवार्य हुनेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरी यस विनयी त्रिवेणी गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

६) पारिश्रमिक तथा सेवा सुविधाः- विनयी त्रिवेणी गाउँपालिकासँगको करार सम्झौता अनुसार हुनेछ ।

७) शैक्षिक योग्यताः-
   (क) अमिनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तीमा १(एक) बर्षको तालिम प्राप्त गरेको ।
   (ख) ब्याक व्हो लोडर अपरेटरको हकमा आधारभूत तह (आठ कक्षा) उत्तीर्ण।
   (ग) कार्यालय सहयोगीको हकमा आधारभूत तह (आठ कक्षा) उत्तीर्ण।

८) परीक्षा दस्तुरः – अमिन र ब्याक व्हो लोडर अपरेटरका लागिः-रु.५००। र कार्यालय सहयोगीका लागिः-रु.३००।-

९) अन्य प्रचलित कानुनद्वारा आयोग्य ठहर नभएको हुनुपर्ने।

१०) परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

२०८१/०४/३२

निमित्त प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner